# स्थानीय राजपत्र

## चन्द्रकोट गाउँपालिकाद्वारा प्रकाशित

चन्द्रकोट, खण्डः ५ भागः २ संख्याः २०, मितिः २०७९/१२/२८ गते

### भाग-२

### चन्द्रकोट गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

चन्द्रकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ को अधिकार प्रयोग गरी चन्द्रकोट गाउँ कार्यपालिकाले बनाएको यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

# चन्द्रकोट गाउँपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि,२०७९

चन्द्रकोट गाउँपालिकामा सञ्चालन हुने अटो तथा ई. रिक्साहरुलाई व्यवस्थापन गरी पालिकाको आवश्यकता, ट्राफिक व्यवस्थापनमा सहजता, बजार व्यवस्थापन गर्ने तथा सवारी यात्रु, सवारी चालक, सवारी धनीहरुको हित प्रबर्द्धन गर्दै स्थानीय यातायात सुरक्षा र नियमन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ट) ले प्रदान गरेको अधिकार कार्यान्वयन गर्न र सोही ऐनको दफा ११ को उपदफा ४ (ट) बमोजिम संघ तथा प्रदेश कानुन बनी अन्यथा व्यवस्था भएमा सोही बमोजिम हुने गरी हाल उल्लेखित व्यवस्था कार्यान्वयन गरी पालिका क्षेत्रमा चल्ने अटो तथा ई. रिक्साको दर्ता, अनुमति, नवीकरण र नियमनको व्यवस्था गरी पालिका क्षेत्रलाई आवश्यक अटो तथा ई. रिक्साहरुको संख्या निर्धारण, रुट निर्धारण, भाडा दर निर्धारण तथा नियमन जस्ताकार्यलाई व्यवस्थित गर्दै वैकल्पिक तथा नवीकरणीय ऊर्जाबाट चल्ने सवारी साधनलाई प्रबर्द्धन गर्दै यातायात सुरक्षालाई भरपर्दो र विश्वसनीय बनाउन आवश्यक देखिएको हुँदो चन्द्रकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५को दफा४ बमोजिम चन्द्रकोट गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट यो कार्यविधि बनाई लागु गरिएको छ ।

## परिच्छेद- १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः यो कार्यविधिको नाम "चन्द्रकोट गाउँपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

२. **प्रारम्भः** यो कार्यविधि चन्द्रकोट गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

३. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) "प्रमुख" भन्नाले चन्द्रकोट गाउँपालिकाको पालिका प्रमुखलाई सम्झनु पर्छ ।

(२) "उपाध्यक्ष" भन्नाले चन्द्रकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(३) "ईलेक्ट्रिक रिक्सा" भन्नाले पेट्रोलियम पदार्थ बिना बिद्युत, सौर्य उर्जा वा नवीकरणीय ऊर्जा बाट चार्ज हुने रिक्सालाई सम्झनुपर्छ।

(४) "कार्यपालिका" भन्नाले चन्द्रकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(५) "कार्यविधि" भन्नाले चन्द्रकोट गाउँपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९ भन्ने सम्झनु पर्छ।

(६) "गाउँपालिका" भन्नाले चन्द्रकोट गाउँपालिकालाई सम्झनु पर्छ।

(७) "प्रमुख प्रशासकीय प्रशासकीय अधिकृत" भन्नाले चन्द्रकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(८) "रुट" भन्नाले चन्द्रकोट गाउँपालिका क्षेत्रभित्र अटो तथा ई रिक्सा संचालनको लागि तोकिदिएकोनिश्चित क्षेत्र भन्ने सम्झनु पर्छ।

(९) "सवारी साधन" भन्नाले अटो तथा ई.रिक्सालाई सम्झनु पर्छ।

(१०) "संचालन अनुमति" भन्नाले चन्द्रकोट गाउँपालिकाले रुट निर्धारण गरी पालिका क्षेत्र भित्र संचालन गर्न अनुमति दिई चन्द्रकोट गाउँपालिकामा दर्ता भएका र दर्ताका लागि सिफारिस भएका अटो/ विद्युतीय रिक्साको संचालन अनुमतिलाई सम्झनु पर्छ।

(११) "अटो" भन्नाले पेट्रोल/डिजल तथा विद्युतीय तरिकाले चल्ने अटो रिक्सा समेत सम्झनु पर्दछ।

(१२) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिम गठित गाउँपालिका, पालिकापालिका र जिल्ला सभा सम्झनु पर्छ ।

## परिच्छेद-२
## व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था

४. अटो तथा ई. रिक्साव्यवस्थापन समितिको गठनः

(१) गाउँपालिकाक्षेत्र भित्र अटो तथा ई. रिक्सा संचालनलाई व्यवस्थित र सुरक्षित गर्न र आवश्यक मार्गदर्शन गर्न पालिकामा देहाय अनुसारको अटो व्यवस्थापन समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष
(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) पालिकास्तरीय आर्थिक विकास समिति संयोजक - सदस्य
(ङ) गाउँपालिका क्षेत्र भित्रको प्रहरी कार्यालयको - प्रमुख-सदस्य
(च) गाउँपालिका क्षेत्र भित्र कार्यरत ट्राफिक प्रहरी प्रमुख - सदस्य
(छ) अटो व्यवसायीहरु मध्येबाट पालिका प्रमुखबाट मनोनीत १ जना - सदस्य
(ज) गाउँपालिकाभित्र चल्ने यातायात व्यवसायीको तर्फबाट प्रतिनिधि - सदस्य
(झ) गाउँपालिका पूर्वाधार शाखा प्रमुख -सदस्य
(ञ) गाउँपालिका योजना शाखा प्रमुख - सदस्य
(ट) गाउँपालिका प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(२) दफा ४ को १ बमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।बैठकमा आवश्यकता अनुसार मेकानिकल लगायत अन्य विषय विशेषज्ञलाई आमन्त्रितका रुपमा आमन्त्रण गर्न सक्नेछ।बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछ ।

## परिच्छेद- ३
## व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

५. अटो तथा ई. रिक्सा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः

(क) गाउँपालिका क्षेत्रभित्र चल्ने अटो, ई-रिक्साहरुको दर्ता गर्ने।

(ख) गाउँपालिका क्षेत्र भित्र अटो तथा ई. रिक्सा संचालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने।

(ग) अटो तथा ई. रिक्सा पार्किङ स्थल तोक्ने।

(घ) अटो तथा ई. रिक्साको स्थान र दुरी अनुसारको वैज्ञानिक भाडादर निर्धारण गर्न सहजीकरण गर्ने।

(ङ) गाउँपालिका भित्र दर्ता भईसंचालन हुने अटो तथा ई. रिक्साको संख्या निर्धारण गर्न सहजीकरण गर्ने।

(च) अटो तथा ई. रिक्साको व्यवस्थापन एवं समन्वयमा सरोकारवालाहरु बीच विवाद समाधान गर्न आवश्यकसहजीकरण गर्ने ।

(छ) सेवा क्षेत्र निर्धारण तथा क्लस्टर अनुसारको अटो तथा ई. रिक्साको सख्या तोक्न सहजीकरण गर्ने।

(ज) आवश्यकता अनुसार अन्य नीतिगत कार्य गर्ने।

## परिच्छेद-४
## अटो तथा ई. रिक्सा दर्ता सम्बन्धी व्यवस्था

६. सवारी साधन दर्ता गर्न नगरपालिकाबाट तोकिएको ढाँचामा सम्बन्धित संस्थाले आफै उपस्थित भई वा प्रतिनिधि मार्फत निम्न बमोजिम कागजात सहित नगर कार्यपालिकाको कार्यालयमा निवेदनदिनुपर्नेछ।

(१)प्रत्येक अटो तथा ई. रिक्सा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र सवारी कर ऐन, २०३१ लगायत प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित यातायात कार्यालयमा दर्ता एवं नवीकरण गरी गाउँपालिकामा समेत दर्ता र नवीकरण हुनु पर्नेछ।दर्ता र नवीकरण प्रमाणपत्र अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयले उपलब्ध गराउनेछ।सवारी साधन दर्ता गर्न गाउँपालिकाबाट तोकिएको ढाँचामा सम्बन्धित संस्थाले आफै उपस्थित भई वा प्रतिनिधि मार्फत निम्न बमोजिम कागजात सहित गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२)अटो तथा ई. रिक्सा दर्ता गर्दा निम्न कागजात पेश गर्नु पर्नेछ।

(क) यातायात कार्यालयमा दर्ता भएको को दर्ता भएको प्रमाण पत्र साथै नवीकरण गरेको समेत कागजात।

(ख) सवारी कर चुक्ता र सवारी धनी प्रमाणपत्रको प्रतिलिपि।

(ग) नियमित सवारी जाँच गराएको प्रमाणपत्रको प्रतिलिपि।

(घ) सवारी प्रदूषण पासको प्रमाण।

(ङ) सवारीको भन्सार महशुल तिरेको प्रमाण।

(च) कम्पनीको हकमा व्यवसाय गर्न फर्म वा कम्पनीमा दर्ता भएको प्रमाण पत्र।

(छ) कम्पनीको हकमा आयकर दर्ताको कागजात र मुल्य अभिबृद्धि करमा दर्ता भएको पत्रको प्रतिलिपि।

(ज) सवारी साधनको इञ्जिन र च्यासिस नम्बर समेत स्पष्ट देखिने फोटो।

(झ) सवारी निरीक्षण प्रमाण पत्र ।

(ञ) यात्रु र तेस्रो व्यक्ति तेस्रो व्यक्ति विमाको कागजात।

(ट) वित्तीय संस्थाबाट ऋण लगानी भई दर्ता हुने सवारी साधन हरुको हकमा वित्तीय सस्था दर्ता प्रमाणपत्र कम्पनीको भए आयकरमूल्य र अभिबृद्धि कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

## परिच्छेद-५
## संचालन अनुमति र रुट निर्धारण

७. गाउँपालिकाभित्र संचालन हुने अटो रिक्सा तथा ई-रिक्साहरुको संचालन अनुमति र रुट निर्धारण देहाय बमोजिम हुनेछ।

(१) गाउँपालिका क्षेत्र भित्र यस कार्यविधि तथायस कार्यविधिको दफा ४ (१) बमोजिमको समितिको सिफारिसमा समितिले नै तोकिदिएको क्षेत्रमा संचालन हुने गरी एउटा कम्पनीले प्रथम पटक बढीमा १०(दश) वटा सम्मको संख्यामा अटो तथा इ(रिक्सा संचालन गर्न पाउने गरी प्रति अटो तथा इ-रिक्साको रु ३०००।शुल्क लिई गाउँपालिकाले अनुसूची १ को ढाँचामा संचालन अनुमति तथा रुट निर्धारण अनुमतिपत्र जारी गर्नेछ।यसरी अनुमति लिँदा गाउँपालिकाले तोकिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा सम्बन्धित निकायको अनुमति नलिई अटो तथा ई.रिक्सा सञ्चालन गर्न पाइने छैन।यसरी अनुमतिपत्र लिई अटो तथा ई. रिक्सा संचालन गर्ने कम्पनीको एक वर्ष अवधिमा सम्पादित कामको गुणस्तर हेरेर व्यवस्थापन समितिले निर्णय गरे बमोजिम गाउँपालिकाले साविकको संख्यामा थप गरी संचालन गर्न अनुमति दिन सक्नेछ।

(२) निर्धारित भाडा र रुट अनुसार अटो तथा ई.रिक्सा संचालन हुनेछ। भाडा दर परिवर्तन गर्नुपर्ने अवस्था आएमा समितिको निर्णयले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ।

(३) अटो तथा ई रिक्सा सञ्चालन अनुमति लिँदा निम्नानुसार कागजात पेश गर्नु पर्नेछ।

(क) निवेदनपत्र।

(ख) सवारी जाँचपास प्रमाणपत्र।

(ग) सवारी चालक, यात्रु र तेस्रो पक्षको विमा गरेको कागजातको प्रतिलिपि।

(घ) माग भएको रुट विवरण।

(ङ) चालकको सवारी चालक अनुमतिपत्रको प्रतिलिपि।

(च) तोकिए बमोजिमको दस्तुर बुझाएको राजश्व रसिद।

(छ) सवारीधनी स्वयम् उपस्थित हुन नसकेमा अर्को व्यक्तिलाई मञ्जुरीनामा दिई पठाउन सकिनेछ। यसरी पठाउँदा मञ्जुरीनामा लिने दिने दुबैको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, नाता खुल्ने कागजातहरु समेत संलग्न गर्नु पर्नेछ।

(ज) पासपोर्ट साईजको फोटो ३ प्रति।

(४) उल्लेखित कागजातका आधारमा रुजु गरी गाउँपालिकाको नियमानुसार दर्ता गराई दर्ता प्रमाणपत्र प्रदान गर्नेछ।

## परिच्छेद-६
## भाडादर सम्बन्धी व्यवस्था

८. गाउँपालिकाभित्र संचालन हुने अटो तथा ई रिक्साको यात्रु सवार भाडा दरयसै कार्यविधिको दफा ४ (१) बमोजिमको अटो व्यवस्थापन समितिले निर्धारण गर्नेछ। निर्धारित भाडा दर अनुसुची -२ बमोजिमको ढाँचामा सार्वजनिक गरिनेछ।

## परिच्छेद-७
## नवीकरणसम्बन्धी व्यवस्था

९. नवीकरण सम्बन्धी व्यवस्थाः-

(१) गाउँपालिकामा दर्ता भएका अटो तथा ई- रिक्साको नवीकरण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

(क) अटो तथा ई रिक्साको संचालन अनुमति तथा रुट निर्धारण अनुमतिको अवधि १ वर्षको हुनेछ। म्याद समाप्त भएको मितिले १५ दिन भित्र प्रति अटो तथा इ-रिक्साको रु २०००। शुल्क बुझाई संचालन अनुमति तथा रुट निर्धारण अनुमतिपत्र नवीकरण गराई सक्नु पर्नेछ। संचालन अनुमति तथा रुट निर्धारण

अनुमतिको सुरु म्याद समाप्त भएको मितिले ४५ दिन सम्म नवीकरण शुल्कको २५ प्रतिशत थप दस्तुर तिरी नवीकरण गर्न सकिनेछ र सो म्यादपनि समाप्त भई आएपछि प्रति अटो तथा ई रिक्साको नवीकरण शुल्कको थप ५० प्रतिशत जरिवाना जरिवाना लाग्नेछ ।संचालन अनुमति तथा रुट निर्धारण अनुमतिको म्याद समाप्त भएको ३ महिना भित्र सम्म पनि नवीकरण नगरेको खन्डमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा समितिको बैठक बसी नवीकरण नगर्ने अटो तथा ई रिक्साको संचालन अनुमति तथा रुट निर्धारण अनुमति रद्द गरी संचालनमा रोक लगाउन सक्नेछ।

(ख) अटो तथा ई रिक्साको नवीकरण गर्न कुनै निकायबाट रोक्का नभएको हुनुपर्नेछ।

(ग) अनुमतिपत्र नवीकरण गर्दा विमा वा जाँचपास अवधिले नभ्याउने भएमा जुन अवधि पहिला सकिन्छ। सो उल्लेख गरी नवीकरण गरिदिने र पछि उक्त कागजात लिई आएमा बाँकी रहेको अवधिको सोही दस्तुरको आधारमा नवीकरण गरिदिन सकिनेछ।

(२) नवीकरण गर्दा निम्न कागजातहरु पेश गर्नुपर्नेछ।

(क) नवीकरण गरी पाऊँ भन्ने व्यहोराको निवेदन।

(ख) प्रचलित नियमबमोजिम प्रदूषण मापन भई प्रदूषण मापदण्ड भित्र परेको प्रमाण कागजात।

(ग) दर्ता गर्दा वा अघिल्लो आ.व.मा नवीकरण गर्दा बुझाएको सवारी करको रसिदको प्रतिलिपि।

(घ) सवारी जाँच प्रमाण पत्र।

(ङ) तेस्रो पक्ष बीमा गरेको कागजात।

(३) देहायको अवस्थामा सवारी साधनकोदर्ता वा नवीकरण खारेज गर्न सकिनेछ।

(क) नियम अनुसार प्रदूषण मापदण्ड पूरा नगरेको।

(ख) कार्यालयबाट सवारी साधन जाँच गर्दा मेशिनरी वा पार्टपुर्जा लगायत बिग्रिएर प्राविधिक रुपमा सवारी संचालन गर्न उपयुक्त नदेखिएको अवस्था भएमा।

(ग) तीन महिना भन्दा बढी समय सम्म नवीकरण नगरेको अवस्था भएमा।

## परिच्छेद-८

## सवारी चालकको आचरण सम्बन्धी व्यवस्था

१०. सवारी चालकले पालना गर्नुपर्ने आचरणहरु देहाय बमोजिम हुनेछन्।

(१) सवारी चालकले अनिवार्य रुपमा पालना गर्नु पर्ने आचरणहरुः

(क) प्रचलित ट्राफिक नियमको पूर्ण पालना गर्दै सवारी चालक अनुमतिपत्र, सवारी दर्ता किताब र बाटो इजाजत पत्र साथमा लिएर मात्र सवारी चलाउनुपर्नेछ।

(ख) बिमा नवीकरण गरेको प्रमाणपत्र साथमा राखी सवारी चलाउनु पर्ने छ।

(ग) अटो तथा ई-रिक्साको यान्त्रिक अवस्था ठीक भए नभएको जाँच गरेर मात्र सवारी साधन चलाउनुपर्ने छ। तोकिएको भार क्षमता र गतिमा मात्र सवारी चलाउनुपर्नेछ।

(घ) मादक पदार्थ तथा लागू औषध सेवन गरी सवारी चलाउन पाईने छैन। साथै प्रतिबन्धित मालसमान तथा चिज वस्तु समेत ओसार पसार गर्न पाईने छैन।

(ङ) चालकले सवारी चलाउँदा मोबाईल फोन प्रयोग र ठूलो आवाजमा गीत संगीत बजाएर सवारी चलाउन पाईने छैन र सडकमा ध्यान केन्द्रित गरेर सुरक्षित साथ सवारीचलाउनु पर्नेछ।

(च) लेन अनुशासनको पालना गर्नुपर्ने छ।

(छ) अटो तथा ई-रिक्साको अगाडीको भाग चालकको दायाँ बायाँ यात्रु तथा मालसमान राख्न पाईने छैन। साथै सवारीको बाहिरी भागमा मालसमान तथा यात्रु राख्न र झुन्डयाउन पाईने छैन।

(ज) सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिंदै यात्रुमैत्री व्यवहार गर्नु पर्नेछ, साथै अशक्त बृद्ध तथा बालबालिकालाई विशेष ध्यान पुर्याउनु पर्नेछ।

(झ) सडकमा जथाभावी सवारी साधन रोक्ने, पार्किङ गर्ने जस्ता कार्य गर्न पाईने छैन साथै सवारी साधन पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्ने छ।

(ञ) रात्रीकालीन यात्रा गर्दा बत्तीको सही सदुपयोग गर्नुपर्ने छ। अटो तथा ई- रिक्सा तीब्र गतीमा चलाउन रआफू खुशी साधनको सवारी स्वरुप परिवर्तन गर्ने जस्ता कार्य गर्न पाईने छैन।

(ट) ट्राफिक नियम पालना गर्दै अनुशासित भई होशियारी पूर्वक अटो तथा इ-रिक्सा चलाउनु पर्नेछ ।

## परिच्छेद-९
## यात्रु सुरक्षा

११. यात्रु सुरक्षाका लागि प्रत्येक सवारी साधनमा निम्नानुसारका नियमहरु पालना गर्नु गराउनु पर्नेछ।

(१) अटो तथा ई-रिक्साको देब्रे तर्फबाट यात्रु चढ्ने र झर्ने गर्न मिल्ने गरी अटो तथा ई रिक्साको डिजाइन तयार गर्नु पर्नेछ।

(२) स्थान अनुसारको भाडादर उल्लेख गरी सवारी साधनमा सबैले देखिने गरी टाँस्नु पर्नेछ।

(३) फोहोर राख्ने भाँडोको व्यवस्था गर्नुपर्ने छ।

## परिच्छेद-१०

१२. विमा सम्बन्धी व्यवस्थाः

(१) सवारी धनी वा व्यवस्थापकले विमा वापत् को रसिद मात्र काटेको आधारमा दुर्घटना भएपछि विमित रकम नपाईने हुनाले अनिवार्य रुपमा सम्बन्धित विमा कम्पनीसँग सो रकम बराबरको विमा नीति वा प्रमाणपत्र लिनुपर्ने छ।कार्यालयमा विमा नीति सम्बन्धी कागजात पेश नगरेमा कार्यालयबाट सम्पादन हुने सवारी सम्बन्धी कुनै पनि सेवाहरु प्रदानगरिने छैन।प्रत्येक सवारी साधनको प्रचलित कानुनले तोके बमोजिमको दुर्घटना विमा,मजदुर विमा र तेस्रो पक्ष विमा आदिको विमा गरेको हुनुपर्दछ।बाटो इजाजत पत्र जारी गर्दा वा नवीकरण गर्दा उक्त सवारीको सम्बन्धित अभिलेखमा विमाको नाम र बहाल अवधि खुलाउनुपर्नेछ।

## परिच्छेद-११
## जरिवाना सम्बन्धी व्यवस्था

१३. अटो रिक्सा तथा ई रिक्सा चालकका लागि जरिवाना सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

(१) गाउँ पालिकाको कार्यालयको अनुमति वा स्वीकृति नलिई अटो तथा ई रिक्साको दर्ता तथा नवीकरण गर्दाको अवस्थाको मोडेलमा कुनै किसिमको हेरफेर (रङग,सिट, स्वरुप, इञ्जिन, च्यासिस) गर्न पाइनेछैन र यसो गरेमा एक हजार देखि पाँच हजार रुपैंया सम्म जरिवाना हुनेछ।

(२) तपशिल बमोजिम कसुर गर्नेलाईट्राफिक प्रहरीसँगको समन्वयमा कसुरको कसुरको प्रकृति हेरेर प्रचलित नियमानुसारको कारबाही र नगद जरिवाना गरिनेछ।

(क) ट्राफिक सङकेत वा इसारा उल्लङ्घन गरी सवारी चलाएमा

(ख) पार्किङ निषेध गरिएको ठाउँ वा समयमा पार्किङ गरेमा,

(ग) सवारी मोड्न वा ध्वनि सङकेत निषेध गरिएको ठाउँमा मोडेमा वा ध्वनि सङ्केत दिएमा,

(घ) गलत दिशातर्फ सवारी चलाएमा,

(ङ) एकफीं सडकको विपरित सवारी चलाएमा,

(च) प्राविधिक अवस्था ठीक नभएको सवारी चलाएमा,

(छ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा,

(ज) रातको समयमा बत्ती नबाली सवारी चलाएमा,
(झ) मादक पर्दाथ सेवन गरी सवारी चलाएमा,
(ञ) नम्बर प्लेट नराखी सवारी चलाएमा,
(ट) निर्धारित सिटभन्दा बढी यात्रु राखी चलाएमा,
(ठ) खाली सिट हुँदा हुँदै यात्री लिन इन्कार गरेमा,
(ड) निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएमा,
(ढ) लापरवाही ढंगले सवारी चलाएमा,
(ण) बाटो इजाजत पत्र नलिई सवारी चलाएमा,
(त) सवारी चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएमा।
(थ) आफुखुसी सवारी साधनको स्वरुप परिवर्तन गरेमा।

## परिच्छेद-१२
## जाँचपास सम्बन्धी व्यवस्था

१४. अटो रिक्सा तथा ई रिक्सा जाँचपास सम्बन्धी देहायको व्यवस्था हुनेछ।

(१) प्रत्येक अटो तथा ई-रिक्साले १/१ वर्षमा अनिवार्य रुपमा प्राविधिकबाट सवारी साधनजाँचपास गराएको प्रमाण पेश गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम वार्षिक रुपमा सवारी साधनको जाँचपास गराउँदा जाँचपास अवधि सकिएको बढीमा १५ दिन भित्र जाँचपास गराउनु पर्ने छ ।सो अवधि भित्र जाँचपास नगरेको पाइएमा गाउँपालिकाले यसरी जाँचपास नगराउने अटो तथा ई रिक्साको संचालनमा रोक लगाई नगद रु. २,००० सम्म जरिवाना लिन सक्नेछ।

(३) जाँचपास गर्न गर्न प्रचलित कानुन तथा गाउँपालिकाले तोकेको मापदण्ड पूरा भएको हुनुपर्नेछ।

## परिच्छेद- १३
## सवारी साधनको नम्बर प्लेट सम्बन्धी व्यवस्था

१५. अटो तथा ई-रिक्साको अनुमति प्रदान गर्दा चार अंकको गरिने छ जसको चन्द्रकोट गा.पा. ०००१ देखि सुरु हुनेछ। गाउँपालिकाले प्रदान गरेको दर्ता नम्बरलाई कालो प्लेटमा सेतो अक्षर/अंकले लेखि सवारी साधनको अगाडि पछाडि दुबैतिर देखिने हिसावमा स्पष्ट रुपमा राख्नुपर्नेछ। दर्ता नम्बर निर्धारण गर्दा नम्बर प्लेटको ढाँचा अनुसुचीमा-३ मा उल्लेख भए अनुसार रहनेछ।

## परिच्छेद- १३

## अनुगमन सम्बन्धी व्यवस्था

१६. अनुगमनः गाउँपालिकामा गठित समिति, गाउँपालिका स्तरीय अनुगमन समिति, बजार अनुगमन समिति र ट्राफिक प्रहरीले समय समयमा यस कार्यविधिमा उल्लेखित नियम बमोजिम अटो तथा ई- रिक्सा संचालन भएनभएको अनुगमन गर्न सक्नेछ।

## परिच्छेद- १४

## विविध

१७. विविध

(१) यस कार्यविधिमा उल्लेख नभएका बिषयहरुको हकमा संघीय तथा प्रदेश सवारी तथा यातायात व्यवस्था सम्बन्धी ऐन नियम तथा अन्यप्रचलित कानून बमोजिम हुनेछ।

(२) यस कार्यविधिमा उल्लेखित व्यवस्था संघ र लुम्बिनी प्रदेशको प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ

आज्ञाले
विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ( १
(दफा - ६ (१) र ७ (१) सँग सम्बन्धित)
अटो तथा ई रिक्सा सवारी दर्ता तथा संचालन अनुमति
पत्रको ढाँचा

"हरेक क्षेत्रमा सबैको क्रियाशिलता सवल एवम् सक्षम चन्द्रकोट"
चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर गुल्मी

| सवारी धनीको फोटो |
|---|

चन्द्रकोट गाउँपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापनतथा नियमन सम्बन्धी कार्यविधि, २०७९" को दफा ६ (१) र दफा ७ (१) अनुसार देहाय बमोजिमको विवरण भएको अटोतथा ई रिक्सा दर्ता गरी यस चन्द्रकोट गाउँपालिकाभित्रका तोकिएको क्षेत्रमा संचालन गर्न यो अनुमति पत्र प्रदान गरिएको छ।

सवारी दर्ता नं ..............................सवारीको किसिमः..................... दर्ता मितिः.................
सवारी धनीको नाम थरः.......................................ठेगानाः...............................................
आवद्द कम्पनीको नामः ..........................................
सवारी संचालन गर्ने रुटः..............................................................................................
प्रमाणपत्र जारी मितिः ...............................

........................................ ........................................ ........................................
सवारी धनीको हस्ताक्षर फाँटवालाको दस्तखत प्रमाणित गर्नेको दस्तखत

## नवीकरण

| क्र.सं. | आर्थिक बर्ष | मिति | रसिद नम्बर | नवीकरण गर्ने अधिकारीको नाम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नामसारी भएको विवरण

मितिः

सवारी धनीको नामः

सवारी धनीको ठेगानाः

सवारी धनीको फोटो

अधिकृतको हस्ताक्षर

नामथरः

पदः

हस्ताक्षरः

मितिः

नवीकरण

| नवीकरण गरेको मिति | नवीकरण गर्ने म्याद पुग्ने अवधि | नवीकरण गर्ने अधिकारीक सहि र मिति |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**सवारीको विस्तृत विवरणः**

१. कम्पनीको नामः
२. सवारी मोडल/सालः
३. हर्ष पावर/सि.सि.:
४. चेसिस नम्बरः
५. ईन्जिन नम्बरः
६. सवारीको रंगः
७. सिट क्षमता (चालक सहित):
८. वजनः
९. पेट्रोल/डिजेलः
१०. चलाउने क्षेत्रः
११. कुन कम्पनी वा व्यक्तिगत खरिद गरेको हो सो को नामः
१२. खरिद भएको मितिः

## अनसुची- २

(दफा ८ को १ सँगसम्बन्धित)

सवारी भाडादर

| क्र.सं. | देखि | सम्म | भाडादर | कैफियत |
|---|---|---|---|---|
| १ | शान्तिपुर बजार | किउँ | | |
| २ | शान्तिपुर बजार | भिरखानी | | |
| ३ | शान्तिपुर बजार | खालीडाँडा | | |
| ४ | शान्तिपुर बजार | भङ्याङ्ग | | |
| ५ | शान्तिपुर बजार | सराङ्ग | | |
| ६ | शान्तिपुर बजार | अर्जेवा | | |
| ७ | शान्तिपुर बजार | वलिवाङ्ग | | |
| ८ | शान्तिपुर बजार | धौलादिप | | |
| ९ | शान्तिपुर बजार | बजेनी | | |
| १० | शान्तिपुर बजार | दह | | |
| ११ | शान्तिपुर बजार | हर्राचौर | | |
| १२ | शान्तिपुर बजार | झारखर्क | | |
| १३ | शान्तिपुर बजार | गैढुङ्गा | | |
| १४ | शान्तिपुर बजार | ढाव | | |
| १५ | शान्तिपुर बजार | रेमी | | |
| १६ | शान्तिपुर बजार | टिमुरे | | |
| १७ | शान्तिपुर बजार | चन्द्रकोट मन्दिर | | |
| १८ | शान्तिपुर बजार | डाँडावन | | |
| १९ | शान्तिपुर बजार | आरुपोखरा | | |
| २० | शान्तिपुर बजार | काल्चे | | |
| २१ | शान्तिपुर बजार | नयाँबजार | | |
| २२ | शान्तिपुर बजार | थप्लुङ्ग | | |
| २३ | शान्तिपुर बजार | झापक | | |
| २४ | शान्तिपुर बजार | चिसापानी | | |
| २५ | शान्तिपुर बजार | धुवाँखर्क | | |
| २६ | शान्तिपुर बजार | क्वाङ्गदी | | |
| २७ | शान्तिपुर बजार | खादीकोट | | |
| २८ | शान्तिपुर बजार | नेटापोखरा | | |
| २९ | शान्तिपुर बजार | ग्वाघा | | |

| | | | | |
|---|---|---|---|---|
| ३० | शान्तिपुर बजार | त्रिवेणी | | |
| ३१ | शान्तिपुर बजार | मगरगाउँ | | |
| ३२ | शान्तिपुर बजार | म्यालपोखरा | | |
| ३३ | शान्तिपुर बजार | देउराली | | |
| ३४ | शान्तिपुर बजार | दमुका | | |
| ३५ | शान्तिपुर बजार | सोता | | |
| ३६ | शान्तिपुर बजार | शिद्दबाबा | | |
| ३७ | शान्तिपुर बजार | बौसदी | | |
| ३८ | शान्तिपुर बजार | राव | | |
| ३९ | शान्तिपुर बजार | चोरकाटे | | |
| ४० | शान्तिपुर बजार | बोटेगाउँ | | |
| ४१ | शान्तिपुर बजार | मजुवा | | |
| ४२ | शान्तिपुर बजार | पुलकामुख | | |
| ४३ | शान्तिपुर बजार | पिपलपाटा | | |
| ४४ | शान्तिपुर बजार | स्वाँरा | | |
| ४५ | शान्तिपुर बजार | झुर्म | | |
| ४६ | शान्तिपुर बजार | किसिकोट | | |
| ४७ | शान्तिपुर बजार | बसाड | | |

उल्लेख भएका स्थान बाहेकका स्थानमा जानुपरेमा उल्लेखित स्थानबाट नजिकको स्थानका लागि प्रति किलोमिटर रु.............का दरले निर्धारण गर्न सकिनेछ।

अनुसुची- ३

दफा १५ सँग सम्बन्धित

चन्द्रकोटगा.पा. 0000